नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## (बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

**प.स.: २०७९/८० च. नं. : बा.नि.व्य.सु.- २६**

मिति २०७९।०५।०६

विषय: <u>बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।</u>

श्री स्थानीय तह (सवै)

बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५ ले वि.सं.२०७९ सम्ममा निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने र वि.सं. २०८२ सम्ममा सवै प्रकारको बालश्रम निवारण गर्ने लक्ष्य लिएको छ । राष्ट्रिय योजना आयोगको मध्यकालिन खर्च संरचना MTEF (आ.व. २०७८/७९-२०८०/८१) मा आ.व. २०७९/८० का लागि बालश्रममुक्त हुने स्थानीय तहको संख्या ७० तोकेको छ ।

बालश्रममुक्त स्थानीय तह घोषणका कार्यक्रमका लागि गत आ.व.०७७/०७८ र २०७८/०७९ मा क्रमश: २६ र ३८ वटा स्थानीय तह छनौट भइ मन्त्रालयद्वारा सशर्त अनुदान उपलब्ध गराइएकाको र उक्त स्थानीय तहहरुमा कार्यक्रम कार्यान्वयनका क्रममा रहेका छन् । स्थानीय तहलाई बालश्रममुक्त घोषणा गर्ने कार्यमा सहजता एवं एकरुपता ल्याउन श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ जारी गरेको छ । सोही कार्यविधिको दफा ६ मा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम संचालन गर्न इच्छुक स्थानीय तहले अनुसुचि १ बमोजिमको सर्वेक्षण गरेको हुनुपर्ने र दफा ७ मा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम संचालनका लागि सर्वेक्षण सम्पन्न गरेका स्थानीय तहसँग मन्त्रालयले अनुसुची २ बमोजिमको प्रस्ताव माग गर्नेछ भन्ने व्यवस्था अनुरुप बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम संचालन गर्न अनुसुचि १ बमोजिमको सर्वेक्षण सम्पन्न गरी सो को प्रतिवेदन सहित अनुसुचि २ को ढाँचामा २०७९ आश्विन मसान्तसम्म बालश्रममुक्त स्थानीय तह घोषणा पूर्वको अनुदान लिने प्रयोजनका लागि प्रस्ताव पेश गर्नुहुन नेपाल सरकार (सचिवस्तर)को मिति २०७९।५।६ को निर्णयानुसार अनुरोध छ ।

०६।५।६

(गोबिन्द प्रसाद आचार्य)

शाखा अधिकृत

सिंहदरबार, काठमाण्डौं, फोन नं: ४२११७९१, फ्याक्स: ४२११८७७ इमेल: info@moless.gov.np वेब: www.moless.gov.np